# निजगढ नगरपालिका

## आ.ब. २०७९।०८० को नीति तथा कार्यक्रम एवं बजेट वक्तव्य

१० असार, २०७९

**नगर सभाका अध्यक्ष महोदय,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू,**

**नगर सभा सदस्यज्यूहरू,**

**निजगढ नगरपालिकाका कर्मचारीज्यूहरु,**

**संचारकर्मी मित्रहरु,**

**निजगढ नगरवासी आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,**

१. नेपालको संविधान तथा कानूनमा व्यवस्था भए बमोजिम जननिर्वाचित स्थानीय सरकारको रुपमा प्राप्त जिम्मेवारी, कर्तव्य एवं दायित्व पूरा गर्दै आएको निजगढ नगरपालिकाको नगर सभाको दशौं अधिवेशनको यस गरिमामय बैठकमा उपस्थित यहाँहरु सबैलाई हार्दिक अभिवादन गर्दै स्थानीय तहको निर्वाचन पश्चात् निजगढ नगरपालिकाको आगामी आ.ब. २०७९/०८० को नीति तथा कार्यक्रम एवं बजेट प्रस्तुत गर्न पाउँदा म हर्षित छु ।

२. सर्वप्रथम यस सुखद अवसरमा जनताको हक अधिकार, लोकतन्त्र तथा गणतान्त्रिक व्यवस्थाका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु ।

३. निजगढ नगरपालिकामा हालै भएको स्थानीय तह सदस्य निर्वाचनमा उत्साहप्रद सहभागिता जनाई सो निर्वाचनलाई भयरहित, स्वच्छ एवं शान्तिपूर्णरुपमा सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुर्याउनु हुने सम्पूर्ण मतदाताहरु तथा निजगढ नगरवासीहरुका साथै सो कार्यमा खटिनु भएका निर्वाचन अधिकृत, निजगढ नगरपालिकाका राष्ट्रसेवक कर्मचारीहरु तथा सुरक्षाकर्मीहरुमा निजगढ नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

४. "हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटी निर्माण हाम्रो अभियान" भन्ने सामूहिक सोच र प्रतिबद्धताका साथ अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजनाहरुको तर्जुमा तथा सोको कार्यान्वयन गर्दै सुविकसित तथा समृद्ध प्रविधिमैत्री स्मार्ट शहरको रुपमा निजगढ नगरपालिकालाई रुपान्तरण गर्दै **"समृध नगर सुखी नगरवासीको"** परिकल्पनालाई साकार पार्न निजगढ नगरपालिकाका जनप्रतिनिधिहरु समर्पित रहेको व्यहोरा सम्पूर्ण आदरणीय निजगढ नगरवासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाइहरुमा म सादर निवेदन गर्न चाहन्छु।

५. नेपाल सरकारको राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निजगढ अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्यमा हाल देखिएको अवरोध तथा जटिलताको कानूनी रुपमा समेतलाई हल गर्दै सो आयोजना तत्कालै अघि बढाउन निजगढ नगरपालिका नेपाल सरकार तथा सम्बन्धित सरोकारवालाहरुको गम्भीर ध्यानाकर्षण गराउँदछ। साथै, सो आयोजना समयमा नै यथाशीघ्र सम्पन्न गर्न निजगढ नगरपालिकाको तर्फबाट कानूनी लगायत अन्य सम्पूर्ण प्रयास, पहल तथा प्रयत्न गरिनेछ।

६. निजगढ सँग जोडिएको राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको तराई मधेश द्रुत मार्ग निर्माण कार्य समेत यथासक्य चाँडो सम्पन्न गर्न सम्पूर्ण आवश्यक पहलहरु गरिनेछ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

अब म निजगढ नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. स्थानीय सरकारको प्रमुख दायित्व मध्ये नगरपालिका क्षेत्र भित्रको विपद व्यवस्थापन गर्नु पनि पर्दछ। सोही अनुरुप निजगढ बचाऔं अभियानको रुपमा नदी तटबन्धनका कार्यलाई अघि तदारुकताका साथ अघि बढाइनेछ।साथै, निजगढ नगरपालिकाको विभिन्न स्थानमा नदी तटबन्धनका कार्य गर्दा राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति सँग समन्वय एवं सहकार्य गरिनेछ।

८. दोश्रो जनआन्दोलन २०६२।०६३ का क्रममा मिति २०६३।०१।०४ गते शाहदत प्राप्त गर्नु हुने सहीद हिरालाल गौतमको सालिक निर्माण कार्य अघि बढाइनेछ।

९. निजगढ नगरपालिका क्षेत्र भित्र आइ पर्न सक्ने विपदको प्रभावकारी व्यवस्थान, उद्दार, राहत समाग्री वितरण कार्यलाई प्रभावकारी ढंगले संचालन गर्न नगर प्रमुख राहत कोषको स्थापना गरिनेछ।

१०.बकैया, धन्सार, भमरा, लाल, बगर, शक्ति खोलाहरुमा पक्की तटबन्धन निर्माण कार्य अघि बढाइनेछ। साथै, सो कार्यमा प्रदेश र संघीय सरकार सँग समन्वय एवं थप बजेटकालागि पहल गरिनेछ। साथै, अन्य खहरे खोलाहरु नियन्त्रण गर्न समेत उपयुक्त स्थानमा चेक ड्याम निर्माण कार्य अघि बढाइनेछ। साथै, नगरवासीहरुको आवागमन सहजताका लागि श्रोत परिचालन गरी विशेष गरी वडा नं.१, ३, १०, ११, १२ र १३ तथा अन्य आवश्यक स्थानहरुमा बेलिब्रिज, झोलुंगे लगायतका पुल पुलेसा, कल्भर्ट निर्माण गरिनेछ।

११.निजगढलाई गुणस्तरीय शिक्षाको हबको रुपमा विकास गर्न दिर्घकालीन योजना तर्जुमा गरी क्रमश: कार्यान्वयन गरिनेछ।

१२.सामुदायिक विद्यालयहरुमा सुविधासम्पन्न र बालमैत्री कक्षा एवं उद्यानको व्यवस्था गर्दै लैजाने कार्यलाई थप विद्यालयहरुमा विस्तार गरिनेछ।

१३.माध्यमिक विद्यालयहरुमा आ.ब. २०७९।८० मा कम्तीमा ३ जना विद्यालय नर्सको सेवा करारमा लिई विद्यालयमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने कार्य अघि बढाइनेछ।

१४.विद्यालयको तह अनुसार शिक्षक दरबन्दी मिलान कार्य अघि बढाइनेछ। साथै, शिक्षक अपर्याप्त भएका विद्यालयहरुमा आ.ब. २०७९।८० मा प्राथमिक, आधारभूत र माध्यमिक गरी आवश्यकता बमोजिम स्वयंसेवक शिक्षक नियुक्ति गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ।

१५.उच्च तथा प्राविधिक शिक्षा अध्ययन गर्ने गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृति उपलब्ध गराइनेछ। सोका लागि नगर छात्रवृति कोष स्थापना गरी उचित मापदण्ड बनाई छात्रवृति प्रदान गरिनेछ।

१६.नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न प्रतिभावान बालबालिकाहरुको प्रतिभालाई प्रष्फुटन गर्न विद्यालयस्तरमा विभिन्न प्रतियोगात्मक कार्यक्रमहरु संचालन गर्न बजेटको व्यवस्थापन गरिनेछ।

१७.नगरपालिकाका सामुदायिक विद्यालयहरुको पुर्वाधार एवं शैक्षिक गुणस्तरमा सुधार ल्याउन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

१८.नगरपालिका क्षेत्र भित्रका उपयुक्त स्थानमा पुस्तकालय स्थापना गरिनेछ। साथै, भएका पुस्तकालयहरुको संरक्षण एवं संवर्द्धन गरिनेछ।

१९.गौरीशंकर क्याम्पसको पठनपाठनलाई गुणस्तरीय एवं समयसापेक्ष बनाउन सो क्याम्पसको भौतिक पूर्वाधारको सुधार गर्दै विद्यार्थीहरुलाई आजको विश्वव्यापीकरणमा प्रतिष्पर्धात्मक बनाउन शिक्षण सिकाई क्रियाकलापलाई सोही अनुरुप आधुनिक बनाउँदै लानु पर्ने भएकोले उक्त क्यापसका सबै कक्षा कोठामा प्रोजेक्टर एवं ल्यापटपका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२०. निजगढ नगरपालिका क्षेत्र भित्र रहेका आर्थिक रुपमा विपन्नका कारण शिक्षाको उज्यालो बाट बञ्चित बालबालिकाहरुको नगरपालिकाले अभिभाकत्व ग्रहण गरी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

सुरेश पुरी
नगर प्रमुख

२१.निजगढ नगरपालिका क्षेत्र भित्र कला, साहित्य, भाषा, संस्कृतिको प्रबर्द्धन गर्न भाषा, कला साहित्य प्रतिष्ठानको निर्माण गरिनेछ।

२२.नगरपालिका क्षेत्र भित्र स्थायी बसोबास भई देश विदेशमा चिनिएका ख्याती प्राप्त व्यक्ति एवं श्रष्टाहरुलाई श्रष्ट सम्मान कार्यक्रम गरिनेछ।

२३.नगरवासीको आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारलाई सुनिश्चित गर्दै सबै नगरवासीहरुमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ।

२४.स्वास्थ्य बीमाको प्रभावकारी कार्यान्वयन गर्न स्वास्थ्य बीमा गर्ने नगरवासीहरुलाई आ.ब. २०७९।८० मा स्वास्थ्य बीमाको प्रिमियम शुल्कमा २५ प्रतिशत अनुदान उपलब्ध गराइनेछ।

२५.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थामा शिशु जन्माउने सुत्केरी महिलालाई दिंदै आएको संतुलित आहार खर्चको रकममा रु. ५०० बृद्धि गरी प्रति सुत्केरी महिला रु.१००० उपलब्ध गराइनेछ।

२६. सामुदायिक विद्यालयका छात्राहरुका लागि नि:शुल्क स्यानिटरी प्याड वितरण कार्यलाई आगामी वर्षमा समेत निरन्तरता दिइनेछ । व्यक्तिगत स्वास्थ्य र सरसफाइका विविध पक्ष बारे किशोरीहरुलाई सुसूचित गर्न स्यानिटरी प्याडको प्रयोग र व्यवस्थापनका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

२७.नगरपालिकाको उपयुक्त स्थानमा आयुर्वेद तथा प्राकृतिक चिकित्साक पद्धति मार्फत् नागरिकहरुको उपचारका लागि सो सेवाको शुरुवात गरिनेछ।

२८.यस नगरपालिकाको समन्वय र सहयोगमा निजगढ प्राथमिक स्वास्थ्य केन्द्रमा किड्नी डायलासिस सेवाका साथै दीर्घ रोगी बिरामीहरुलाई आर्थिक सहुलियत प्रदान गर्न सुपथ मूल्यको औषधि पसल यथाशीघ्र संचालनमा ल्याइनेछ । जेष्ठ नागरिकहरुलाई निशुल्क स्वास्थ्य परीक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

२९.यस नगरपालिकाका वडा नं. १, ५, ८, १० र १२ मा निर्माणाधीन स्वास्थ्य संस्थाको भवन निर्माण कार्य यथाशीध्र सम्पन्न गरी नगरका सबै स्वास्थ्य संस्थाका भवनहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरिनेछ।

३०.महिलामा बढ्दो क्रममा रहेको स्तन तथा पाठेघर क्यान्सर जस्ता घातक रोगहरुको निःशुल्क परीक्षण गर्ने कार्यक्रम अन्तर्गत् संचालित उपप्रमुख महिला प्रजनन सेवालाई रतनपुरी र निजगढबाट निरन्तरता दिंदै सो सेवालाई सिंगौलबाट समेत प्रदान गरी थप बिस्तार गरिनेछ।

३१.विपन्न जेष्ठ नागरिकहरुलाई विरामी पर्दा निजगढ क्षेत्र भित्रको सामुदायिक अस्पताल, स्वास्थ्य केन्द्रसम्म उपचारका लागि ल्याउन पुर्याउन निःशुल्क एम्बुलेन्स सुविधा उपलब्ध गराइनेछ।

३२.प्राणघातक, दिर्घ तथा घातक रोगका बिरामीहरुको उपचारमा आर्थिक विपन्नताको आधारमा विशेष सहयोग उपलब्ध गराइनेछ।

३३.नगर क्षेत्रभित्रका कृषि योग्य बाँझो जग्गाहरुको अधिकतम उपभोग गरी सामूहिक कृषि कार्यलाई प्रोत्साहन गर्दै उत्पादकत्व वृद्धि गर्न चक्लाबन्दीको कार्यविधि स्वीकृत भइसकेकोमा सो बमोजिमको कार्यहरु अविलम्ब अघि बढाइनेछ । उन्नत बीऊ प्रसारण, किट अनुदान, कृषि औजार उपकरण, कृषिमा यान्त्रिकीकरण र साना सिंचाई सहयोग कार्यक्रमलाई अघि बढाइनेछ ।

३४.वैदेशिक रोजगारीबाट फर्किएका युवा तथा कोरोना प्रभावित युवाहरुलाई लक्षित गरी कृषिमा आधारित रोजगारीका कार्यक्रम संचालन गरिनेछ । साथै, कृषकहरुलाई कृषि बालीमा क्षतिपूर्ति अनुदान दिने र कृषि फर्ममा अनुदान दिने कार्यक्रम संचालन गरिनेछ।

३५. नगर कार्यपालिकाको कार्यालयमा कृषि तथा पशु सम्बन्धी थप प्राविधिक जनशक्तिको व्यवस्थापन गरी प्राविधिक सेवा सर्वसुलभ बनाइनेछ । नगरमा संचालित पशु सेवा केन्द्रहरुको पूर्वाधार विकासका साथै कृषि सेवा केन्द्रको स्थापना गरिनेछ । साथै, माटो परिक्षण कार्य समेत गरिनेछ ।

३६.निजगढ नगरपालिकाको सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुर्याउन हाल संचालनमा रहेका सिंचाई आयोजनाहरुको मर्मत संभार तथा स्तरोन्ति गरी सोलाई थप व्यवस्थित एवं प्रभावकारी बनाइनेछ।

३७.कृषि उत्पादनको भण्डारण र बिक्री केन्द्रको विकास गर्न कोल्ड स्टोर निर्माण कार्य अघि बढाइनेछ। साथै, कोल्ड स्टोर निर्माणका लागि प्रदेश सरकार एवं संघीय सरकार सँग समन्वय गरिनेछ।

३८.डम्बरपुर, कोलगाउँ, चिसापानी हाइट, रामथली, बुङ्जोर, माथिल्लो र तल्लो सिमलचौर लगायतका हाल सिंचाई सुविधा नपुगेको स्थानमा पोखरी एवं भूमिगत सिंचाई आयोजना संचालन गरी सिंचाई सुविधा उपलब्ध गराउने कार्य अघि बढाइनेछ।

३९.कृषिलाई आधुनिकीकरण गर्न नगरपालिकाका विभिन्न उपयुक्त स्थानमा नमूनाको रुपमा चक्लाबन्दी खेती शुरु गरिनेछ।

४०.आधुनिक एवं व्यवसायिक कृषिमा संलग्न कृषकहरुको लागि उपकरण खरिद गर्न अनुदान उपलब्ध गराइनेछ।

४१.निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायमुखी खेती प्रणालीमा रुपान्तरण गरी कृषकहरुलाई कृषि सामाग्री एवं उपकरणहरु र पशु बीमाका लागि आवश्यक अनुदानको व्यवस्था

सुरथ पुरी
नगर प्रमुख

गरिनेछ। कृषकहरुलाई अर्गानिक खेतीतर्फ उन्मुख गराई व्यावसायिक कृषि खेती प्रणालीमा यन्त्र उपकरणको प्रयोगका लागि अनुदान उपलब्ध गराउने नीति लिइएको छ ।

४२.निजगढ नगरपालिका भित्र व्यवसायीक केरा खेतीमा संलग्न कृषकहरुलाई सो खेतीमा प्रोत्साहित गर्नको लागि केरा विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ। साथै, निजगढ नगरपालिकामा केरा जोनको रुपमा विकास गर्दै उत्पादित केरालाई ब्रान्डि. गरिनेछ।

४३.निजगढ नगरपालिकामा उत्पादित खुवालाई व्यवसायिकरण गर्दै सोको ब्रान्डिङ गरिनेछ।

४४.पशुपालन तर्फ व्यवसायिक फर्म प्रोत्साहन, साना पशुपालक कृषकहरुलाई गोठ सुधार, भकारो सुधार तथा खोर सुधार कार्यक्रममा एकल महिला, दलित समुदाय, गरिव तथा असहाय समुदायलाई प्रोत्साहन गरिनेछ ।

४५.पशु स्वास्थ्य कार्यकर्ताहरुको क्षमता अभिवृद्धिका साथै पशु सेवा केन्द्रको स्तरोन्नति गरी उपचार सेवा तथा औषधिको व्यवस्थापनलाई सर्वसुलभ बनाइनेछ । निःशुल्क पशु कृत्रिम गर्भाधान कार्यक्रम, व्यावसायिक फर्म प्रोत्साहन कार्यक्रम, पोसिलो घाँस उत्पादन कार्यक्रम, आकस्मिक तथा संक्रामक रोग नियन्त्रण कार्यक्रम, मासु पसल स्तरोन्नति कार्यक्रम एवम् युवा लक्षित पशुपालन अनुदान कार्यक्रम संचालन गरिनेछ ।

४६.नागरिकहरुलाई दुग्ध व्यवसायमा संलग्न हुन प्रोत्साहन गर्दै उक्त व्यवसाय मार्फत किसानहरुको जिवनस्तर उकास्दै नगरपालिकालाई दुध तथा दुधजन्य सामाग्रीको उत्पादन मार्फत् बलियो आन्तरिक अर्थतन्त्र निर्माण गर्न सहकारीमा लगि दुध बिक्री गर्ने किसानहरुलाई प्रति लि.रु. १ अनुदान दिइनेछ ।

४७.कृषकहरुलाई पशुपालन तर्फ आकर्षित गर्न घरेलु पोषिलो पशु दाना उत्पादनमा विशेष सहयोग पुर्याइनेछ।

४८.पशु तथा बाली बिमामा थप अनुदानको व्यवस्था गरिनेछ। साथै, कृषि, पशुपालन, मौरी, कुखुरा, बट्टाई, हाँस पालन व्यवसायको प्रबर्द्धनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

सुरथ पुरी
नगर प्रमुख

४९.नेपाल सरकार संघीय सरकारबाट स्मार्ट सिटी निर्माणका लागि घोषणा भई गुरु योजना बनी कार्य अघि बढेकोमा सोको प्रभावकारी ढंगले कार्यान्वयनका लागि नेपाल सरकार सँग बजेट निकासाका लागि विशेष पहल गरिनेछ।साथै, निजगढ नगरपालिकाबाट संघीय सरकार र प्रदेश सरकार सँग सो आयोजनाहरु सम्पन्न गर्नका लागि बजेट विनियोजनका लागि माग गर्ने साथै, आ.ब. २०७९।०८० का लागि नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा समावेश भएका महत्वपूर्ण आयोजनाहरु सम्पन्न गर्न संघीय सरकार र प्रदेश सरकार सँग बजेट मागका साथै सहकार्य र समन्वय गरिनेछ।

५०.नगरपालिका क्षेत्र भित्र डुबानको समस्यालाई समाधान गर्दै सहज ढंगले पानी निकासी कार्यका लागि नाला व्यवस्थित गरिनेछ।

५१.नगरपालिका क्षेत्र भित्र प्रक्रियामा रहेको ८, ९ र १० नं. वडा कार्यालय भवनहरु, हिरालाल मार्गको निर्माण कार्यलाई आ.ब. २०७९।०८० भित्र नै सम्पन्न गरिनेछ। सोका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ। साथै, निजगढ नगरपालिका वडा नं. ३ पिपलटार देखि शक्तिखोलासम्म जाने पर्यटकीय पथ मार्ग निर्माणका लागि सम्बन्धित पक्ष सँग प्रारम्भिक कार्य अघि बढाइनेछ।

५२.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धि गरी स्मार्ट निर्माण कार्य गर्न निर्माण व्यवसायीहरुको क्षमता अभिवृद्धिका लागि तालिमहरु संचालन गरिनेछ ।

५३. नगरपालिकामा गठित टोल विकास संस्थाहरु मार्फत नगरको प्रभावकारी विकासका लागि टोल विकास संस्थालाई सक्रिय बनाउने नीति लिइएको छ।

५४.नगरपालिकाका विभिन्न स्थानमा सामुदायिक भवन, जेष्ठ नागरिक भवन, बाल पार्क लगायतका पूर्वाधारहरुको निर्माण गरिनेछ र निर्माण सम्पन्न हुन बाँकी सामुदायिक भवन, जेष्ठ नागरिक भवन, बाल पार्क आदिलाई आवश्यक बजेट व्यवस्थापन गरी निर्माण कार्य सम्पन्न गरिनेछ।

सुरथ पुरी
नगर प्रमुख

५५. नगरपालिकाको बजार क्षेत्रलाई सफा एवं स्वच्छ राख्न व्यवस्थित सार्वजनिक सौचालय निर्माण कार्य अघि बढाइनेछ।साथै, उक्त संरचनालाई बालमैत्री, लैङ्गिकमैत्री बनाइनेछ र सोही उपयुक्त स्थानमा स्तनपान कक्ष समेत बनाइनेछ।

५६. निजगढ नगरपालिका क्षेत्र भित्र विद्युतको सुविधा नपुगेका स्थानहरुमा बिद्युत सेवा बिस्तार गरिनेछ।

५७. अव्यवस्थित रुपमा संचालनमा रहेका बधशालालाई आवश्यक बजेट विनियोजन गरी उपयुक्त स्थानमा स्थानान्तरण गर्दै आधुनिक, वैज्ञानिक एवं सफा बधशालाको निर्माण गरिनेछ।

५८. निजगढ नगरपालिका भित्र बस, ई-रिक्सा, अटो आदिको व्यवस्थित पार्किङ गरी संचालनमा ल्याइनेछ।

५९. निजगढ नगरपालिका क्षेत्र भित्र शान्ति र सुरक्षालाई चुस्त दुरुस्त बनाउन विभिन्न स्थानमा सिसिटिभी जडान गरिनेछ। साथै, वन्यजन्तु आवगामन क्षेत्रमा समेत सिसिटिभी जडान गरिनेछ।

६०. निजगढ नगरपालिकाको मुख्य केन्द्रको रुपमा रहेको बजार क्षेत्र पूर्व पश्चिम राजमार्गको दायाँ बायाँ सौन्दर्यीकरण कार्य अघि बढाइनेछ।

६१. नेपाल सरकारद्वारा भू- उपयोग नीति जारी भए सँगै निजगढ नगरपालिका क्षेत्र भित्रका जग्गालाई कृषि, आवास, औद्योगिक र व्यापारिक क्षेत्रको रुपमा वर्गीकरण गरी सोही वमोजिम व्यवस्थित विकास कार्यलाई अघि बढाइनेछ।

६२. निजगढ नगरपालिका क्षेत्र भित्रका सार्वजनिक जग्गाको लगत संकलन गरी सोको संरक्षण गरिनेछ।

६३. भूमिहीन सुकुम्वासी, भूमिहीन दलित तथा अव्यवस्थित बसोबासीको स्थायी रुपले समस्या समाधानका लागि भएका कार्यहरुलाई निरन्तरता दिंदै सोका लागि आवश्यक बजेट

व्यवस्थापन गरी  सोको विवरणहरुको कम्प्युटरमा प्रविष्टी गरी लामो समय देखि भोगचलन गर्दै आएको तर जग्गा धनी प्रमाण पूर्जा नपाएका नगरवासीहरुलाई जग्गा धनी प्रमाण पूर्जा वितरण गर्ने व्यवस्था मिलाइनेछ।साथै, भोग चलन एवं नाप नक्सा नमिलेका जमिनहरुको स्थायी समाधानका लागि आवश्यक बजेटको व्यवस्थापन गरी कार्य अघि बढाइनेछ।

६४.निजगढ नगरपालिकामा रहेका खरको छानो भएका विपन्न नागरिकहरुको घरहरुमा जस्तापाताको छाना उपलब्ध गराई यथाशीध्र खरको छाना मुक्त नगरपालिका बनाइनेछ।

६५.सबै नगरवासीहरुको स्वच्छ खानेपानीको हकलाई सुनिश्चितता गर्न शुद्ध खानेपानी सेवा नपुगेका स्थानहरुमा पाइप लाइनको विस्तार गरी स्वच्छ खानेपानी उपलब्ध गराइनेछ। साथै, वडा नं. ४, १२ र १३ का उपयुक्त स्थानमा खानेपानीका डिप बोरिङ निर्माण गरिनेछ एवं पुरानो खानेपानीको संरचनामा समेत सुधार ल्याइनेछ। साथै, भुमिगत सिंचाईमा लाग्ने विद्युत महशुलमा विशेष अनुदान दिइनेछ।

६६.निजगढ नगरपालिका क्षेत्र भित्रका सडक बाटाहरु लगायतका संरचनाहरुको तत्कालै मर्मत गर्ने व्यवस्था मिलाइनेछ।

६७.निजगढ नगरपालिका वडा नं. ३ को उपयुक्त स्थानमा एवं वडा नं. ५ स्थित गहिरी गाउँमा संघीय र प्रदेश सरकारको समन्वय र सहकार्यमा ओभरहेड ट्याङ्की निर्माण कार्य अघि बढाइनेछ। साथै, रतनपुरी र सिंगौलमा निर्माणाधीन ओभरहेड ट्याङ्कीलाई यथाशीध्र सम्पन्न गरिनेछ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

६८.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका युवा जनशक्तिको तथ्याङ्क संकलन गरी रुचि, उमेर र क्षमताको आधारमा स्वरोजगार बन्न विभिन्न सिपमूलक तालिमहरु संचालन

गरिनेछ।साथै, निजगढ नगरपालिका क्षेत्र भित्र रहेका रिटर्नीहरुको तथ्याङ्क संकलन गरी रिटर्नीहरु सँग भएको ज्ञान, सिप र क्षमताको उपयोग गरीने नीति लिइनेछ।

६९.लोकसेवा र शिक्षक सेवा आयोगबाट संचालन गरिने परिक्षाहरुको तयारीका लागि आवश्यक बजेट व्यवस्थापन गरी कक्षाहरु संचालन गरिनेछ। साथै, निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सुरक्षा सँग संलग्न भएका रिटायर्ड व्यक्तिहरुको सिप र क्षमता प्रयोग गरी नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरीमा जान इच्छुक युवाहरुलाई पूर्व शारिरिक अभ्यासको व्यवस्था मिलाइनेछ।

७०.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका युवाहरुलाई विभिन्न स्थानमा रोजगारी सम्बन्धी सूचना एवं जानकरी उपलब्ध गराउन तथा युवाहरुको क्षमता पहिचानका लागि Vacancy Bank तथा Skill Bank व्यवस्थापन गरीनेछ ।

७१.नागरिकहरुको गुनासो सुनी सोको प्रभावकारी व्यवस्थापनका लागि "बर्षमा १ दिन रोजौं टोल टोलमामा प्रमुख/उपप्रमुख पुगौं" कार्यक्रमलाई संचालन गरिनेछ।

७२.युवाहरुलाई दुर्व्यसनमा फस्न नदिने एवं सोमा फसेका युवाहरुलाई आवश्यकता अनुसार परामर्श सेवा र उत्प्रेणादायी कक्षा (Motivational Session) संचालन गरी सम्मानपूर्वक जीवनयापन गराउने वातावरण सिर्जना गर्ने नीति लिइनेछ। साथै, लागू औषधिलाई निरुत्साहित गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।

७३.निजगढ नगरपालिकामा खेलकूदको विकासका लागि नगर खेलकूद विकास समिति गठन गरिनेछ। साथै, सोही समिति मार्फत विभिन्न खेलकूदका कार्यक्रमहरु व्यवस्थित ढंगले संचालन गरिनेछ।

७४.नगरपालिकाका सबै वडाहरुमा रहेका खेलकूद मैदानलाई व्यवस्थित गर्दै लगिनेछ। साथै, सहिद हिरालाल रंगशाला एवं वडा नं. ४ मा रंगशाला निर्माणका लागि तयार भएको डि.पि.आर. बमोजिम प्रदेश, संघिय सरकार सँग समन्वय गर्दै आन्तरिक श्रोत परिचालन गरी उक्त रंगशालाहरु निर्माण एवं हाल भएका संरचनालाई थप व्यवस्थित गरिनेछ।

७५. निजगढ नगरपालिका वडा नं. ९ स्थित नदी उकास जमिनमा संघीय सरकार र प्रदेश सरकारको सहकार्य र समन्वयमा व्यवस्थित बसपार्क निर्माण कार्य अघि बढाइनेछ।

७६. निजगढ नगरपालिका वडा नं. १०, १२ र १३ जोड्ने सडकलाई आवश्यक बजेट विनियोजन गरी निर्माण कार्य अघि बढाइनेछ।साथै, संघीय सरकार र प्रदेश सरकारको समन्वयमा रिङरोड निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखी सोको निर्माण कार्य अघि बढाइनेछ।

७७. निजगढ नगरपालिकाका विभिन्न वडाहरुमा निर्माणाधिन फन पार्कलाई व्यवस्थित बनाइनेछ।

७८. निजगढ नगरपालिका भित्र रहेको तामाङ तथा चेपाङ समुदायको बसोबास रहेको स्थानहरुमा पानी तथा सरसफाइ व्यवस्थापनका थप कार्यक्रमहरु तर्जुमा गरी संचालन गरिनेछ। साथै, चेपाङ समुदायका बालबालिकाहरुलाई शिक्षाको उज्यालोबाट बंचित हुन नदिन चेपाङ बालबालिकाहरुलाई छात्रावासको व्यवस्थापन गरी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

७९. विभिन्न धर्मको धार्मिक विधि एवं संस्कार बमोजिम गरिने दाहसंस्कार स्थलहरुलाई व्यवस्थित बनाइनेछ।

८०. नगरपालिकाको विभिन्न स्थानहरुमा खुल्ला मेयर व्यायामशाला निर्माण कार्य गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

८१. स्थानीय प्राकृतिक स्रोत तथा साधनहरुको संरक्षण, प्रयोग र प्रवर्द्धन गरिनेछ साथै निजगढ नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनहरु सँगको समन्वय र सहकार्यमा वातावरण एवं पर्यावरण संरक्षणका लागि आवश्यक कार्य अघि बढाइनेछ।

८२. नगरपालिका क्षेत्र भित्रबाट निस्कने फोहरहरुलाई श्रोतमा नै वर्गीकरण गरी कुहिने फोहरबाट जैविक मल तयार गर्न "फोहोरबाट मोहोर कार्यक्रम" संचालन गरिनेछ।

८३.निजगढ नगरपालिकालाई मधेश प्रदेशकै उत्कृष्ट पर्यटकीय हवको रुपमा विकास गर्न नगरपालिका क्षेत्र भित्र रहेका सहिद हिरालाल पार्क, गणेशमान मोहोरी पार्क, सुकेपोखरी, शीतल छहारी, शक्ति खोला झरना तथा शक्तेश्वर मन्दिरको थप संरक्षण र प्रबर्द्धनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ। साथै, अन्य पर्यटकीय क्षेत्रहरुको विकासका लागि सम्भाव्य अध्ययन गरिनेछ।

८४.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका मन्दिर, गुम्बा, मस्जिद, चर्च जस्ता धार्मिक स्थलहरुको संरक्षण र प्रबर्द्धन गर्ने नीति लिइएको छ।

८५.निजगढ नगरपालिका वडा नं. ६ स्थित श्रीकृष्ण प्रणामी सामुदायिक सभाहल तथा वडा नं. ५ को जनजागृती सामुदायिक भवन लगायतका नगर भित्रका सामुदायिक तथा संघ संस्थाहरुको भवन निर्माणका लागि संघीय सरकार र प्रदेश सरकार सँगको समन्वय र सहकार्यमा निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

८६.निजगढ नगरपालिकाको मुख्य स्थानहरुमा तामाङ समुदायको भेषभुषा, भाषा, कला तथा संस्कृति झल्किने गरी तामाङ कला घर (Live Cultural House) को स्थापना गरी संरक्षणको कार्य अघि बढाइनेछ।

८७.निजगढ नगरपालिका वडा नं. १० मा जनयुद्धको क्रममा साहदत प्राप्त गरेका शहिदहरुको सम्मानमा निर्माण गरिएको सहीद स्मारकको प्रभावकारी व्यवस्थापनको कार्य अघि बढाइनेछ ।

८८.निजगढ नगरपालिका क्षेत्र भित्र रहेका स्थानीय जात्रा, पर्व, भाषा, परम्परा तथा संस्कृति मेलाको संरक्षण एवं प्रवर्द्धन गरिनेछ।

८९.निजगढ नगरपालिका वडा नं. ४ स्थित सहिद हिरालाल पार्कको आसपासको क्षेत्रमा विज्ञान पार्क निर्माण कार्यको शुरुवात गरिनेछ। साथै, सोही वडामा निर्माणाधीन कछडिया संग्राहलयको निर्माण कार्य सम्पन्न गर्नुका साथै कछडीया बस्तीमा होमस्टे संचालनमा

ल्याइनेछ।साथै, नगरपालिका क्षेत्र भित्र विभिन्न स्थानमा रहेका पुरातात्विक सम्पदाको समेत पहिचान गरी संरक्षण र संवर्द्धन गरिनेछ।

१०.महिला हिंसाको अन्त्य गर्दै महिलाको नेतृत्व एवं सिप विकास गरी आत्मनिर्भर बनाउन नेतृत्व विकास तालिम तथा अन्य सिपमुलक तालिमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

११.निजगढ नगरपालिका क्षेत्र भित्रका महिला तथा युवाहरुलाई उधमशिलता बनाई जीवनस्तर उकास्दै आत्मनिर्भर बनाउन उपप्रमुख महिला तथा युवा उद्यम प्रबर्द्धन गरिनेछ। साथै, सोका लागि आवश्यक नीति निर्माण गरिनेछ।

१२.जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरुका लागि समाजमा सम्मानपुर्वक र उत्साहका साथ जीवनयापन गर्ने, श्रमको सम्मान गर्ने एवं बालबालिकाहरुलाई सन्तुलित भोजन सहित स्नेहपुर्वक बातावरणमा हुर्काउन आवश्यक योजना बनाइनेछ। साथै, जेष्ठ नागरिक, अपाङ्ग र बालबालिकाहरुलाई धार्मिक तथा पर्यटकीय स्थलहरुमा भ्रमण गराइनेछ।

१३.नगरपालिका क्षेत्र भित्र रहेका असाहय व्यक्तिहरुलाई सहायता प्रदान गर्न असाहय कोषको स्थापना गरी सो मार्फत् सहायता प्रदान गरीनेछ।

१४.स्थानीय संचार माध्यमहरुलाई सूचनाको साथिको रुपमा अंगिकार गरिनेछ। साथै, स्थानीय संचार माध्यको सुदृढीकरण र संचारकर्मीहरुको पेशागत विकासमा जोड दिन आवश्यक बजेटको व्यवस्थापन गरिनेछ।

१५.निजगढ नगरपालिकामा औद्योगिक क्षेत्रको विकासका लागि नेपाल सरकारबाट औद्योगिक ग्राम स्थापनाका लागि विशेष पहल गरिनेछ । साथै, निजगढ नगरपालिकामा अद्यौगिक विकास गरी रोजगारी सृजना गर्न आगामी आ.ब. भित्र लगानी सम्मेलन गर्नुका साथै सार्वजनिक निजी साझेदारी अवधारणालाई मूर्त रुपमा कार्यान्वयन गरिनेछ।

९६.स्थानीय सिप, कच्चा पदार्थ प्रयोग गरी उत्पादन भएका हस्तकला सँग सम्बन्धित उत्पादनमा संलग्न व्यक्तिहरुलाई प्रोत्साहित गरीनेछ।

९७. व्यवसायीहरुको क्षमता अभिवृद्धिका लागि व्यवसायीहरुको सहकार्यमा आवश्यकता अनुसार कार्यशाला गोष्ठी, व्यवसायिक भ्रमण तथा विभिन्न तालिमहरु संचालन गरिनेछ। साथै, उद्योग बाणिज्य संघको समन्वय, सहकार्य एवं विज्ञहरुको रायमा प्रगतिशिल कर प्रणाली अपनाइनेछ।

९८.निजगढ नगरपलिकाको उपयुक्त स्थानमा एकीकृत मानव बिकास कार्यक्रमका लागि आवश्यक नीति निर्माण गरी सम्बन्धित पक्षहरुको सहकार्य र समन्वयमा सोको पुर्वाधार निर्माण कार्य अघि बढाइनेछ।

९९. निजगढ नगरपालिकाको योजनाबद्ध तथा व्यवस्थित विकासका लागि पञ्चवर्षीय योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। सोको लागि विज्ञहरु रहने गरी योजना तर्जुमा सम्बन्धी नगर स्तरीय उपयुक्त संयन्त्रको गठन गरिनेछ। सोही संयन्त्र मार्फत् नगर विकास गुरुयोजना निर्माण गरिनेछ।

१००. वैदेशिक रोजगारबाट फर्केका जनशक्ति र नव उद्यमी युवाहरुलाई लागत साझेदारीमा औजार उपकरण सहयोग गरी स्वरोजगार सिर्जना गर्ने नीति लिइनेछ । नगरका विपन्न र बेरोजगार युवाहरुलाई लक्षित गरी लघु उद्यम कार्यक्रम मार्फत् उद्यमशीलताको विकास गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । हस्तकला सामग्रीहरुको उत्पादन, वितरण तथा प्रदर्शनी लगायत कार्यहरुलाई प्रोत्साहन गरिनेछ ।

१०१. निजगढ नगरपालिका क्षेत्र भित्र रोजगारी सिर्जना गरी नागरिकहरुलाई आर्थिक रुपमा सक्षम एवं आत्मनिर्भर बनाई समृद्ध नगर निर्माणका लागि हेल्भेटास संस्था सँग समन्वय एवं सहकार्य गरी इलम तथा समृद्धि सँग सम्बन्धित कार्यक्रमहरु अघि बढाइनेछ।

१०२. गुणस्तरीय सहकारी सेवा प्रवाह गरी शेयर सदस्यहरुलाई रोजगारी र उद्यमी बनाउन रचनात्मक भूमिका खेल्ने सहकारीहरुलाई पुरस्कृत गर्दै लगिनेछ। नयाँ क्षेत्र (विषय) मा

सुरथ पुरी
नगर प्रमुख

सहकारी खोल्न र सहकारी एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गर्न सहकारी सम्बन्धी कानूनहरुलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

१०३. आर्थिक रुपमा विपन्न महिलाहरुलाई लक्षित गरी आयआर्जन र रोजगारीमूलक क्षमता अभिवृद्धि गरी सिप र क्षमता विकास गर्ने र आर्थिक रुपमा आत्मनिर्भर बनाउन निजगढ नगरपालिका क्षेत्र भित्र सघन महिला स्वावलम्बन कार्यक्रम संचालन गरीनेछ।

१०४. सहकारी संस्थाहरुसँगको सहकार्यमा रोजगारमूलक तालिम संचालन गरी रोजगार र आयवृद्धि गर्ने नीति लिइनेछ । व्यावसायिक उत्पादन र बिक्री गर्ने सहकारीहरुलाई यन्त्र तथा उपकरण खरीदमा अनुदान दिने नीति लिईनेछ । साथै, सहकारी संस्थाहरुको अनुगमन तथा नियमनलाई प्रभावकारी बनाउदै लगिनेछ।

१०५. निजगढ नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न सामाजिक तथा गैरसरकारी संघ संस्थाहरुको संस्थागत विकासका लागि क्षमता अभिवृद्धि गर्दै सोबाट संचालित कार्यहरुको निरन्तर अनुगमन गरीनेछ।

१०६. दिगो विकासको लक्ष्यलाई आधार बनाई वर्तमान परिस्थितिले सिर्जना गरेको असहज परिस्थितिहरुको सामना गर्दै चुनौतीलाई अवसरमा रुपान्तरण गर्न वैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई लक्षित गरी विशेष गरी आयमूलक र सृजनशील क्रियाकलापमा आवद्ध गरिनेछ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१०७. निजगढ नगरपालिका वडा नं. ४ स्थित सहीद हिरालाल पार्कको दायाँपट्टी रहेको माझी बस्ती र सोही पार्कको बायाँपट्टी रहेको दलित बस्तीलाई व्यवस्थित गर्दै सो क्षेत्रमा बसोबास गर्ने नागरिकहरुको जीवनस्तर उकास्दै सहज जीवनयापनका लागि नमूना माझी बस्ती र नमूना दलित बस्ती निर्माण गरिनेछ।

सुरथ पुरी
नगर प्रमुख

निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा
मधेश प्रदेश, नेपाल
सुरथ पुरी
नगर प्रमुख

१०८. बौद्ध तथा जनजाति समूहहरुको उत्थानको लागि नगरका उपयुक्त स्थानमा संग्रहालय स्थापनाका लागि थप पहलका साथै सो बमोजिम कार्य अघि बढाइनेछ ।

१०९. युवाहरुलाई खेलक्षेत्र तर्फ आकर्षित गर्दै विकृति विसंगतिमुक्त समाज निर्माण गर्न, खेलकूद क्षेत्रको समुचित विकास गर्न खेल मैदान तथा उद्यानहरुको पूर्वाधार विकासमा जोड दिइनेछ। लागू पदार्थ विरुद्धको अभियान लगायत युवाहरुको सकारात्मक परिचालनका लागि युवा क्लवहरुको गठन, क्षमता विकासमा विशेष जोड दिइनेछ ।

११०. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता, फुटबल प्रतियोगिता, शहिद स्मृति राष्ट्रिय फुटबल प्रतियोगिता सहित खेलकुद प्रतियोगिता आयोजनामा सहकार्य तथा खेलाडी सम्मान एवं पुरस्कार वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१११. निजगढ नगरपालिकामा संघ/प्रदेश सरकार समेतको सहयोग/सहकार्यमा आगामी आर्थिक वर्षभित्र प्याराफिटसहितको अत्याधुनिक रंगशाला तथा खेलकूद प्रशिक्षण केन्द्रको निर्माण कार्य अघि बढाइनेछ ।

११२. महिला सशक्तिकरण, समावेशीकरण र मूलप्रवाहीकरणका लागि नगरपालिका भित्र रहेका विभिन्न संघ संस्थाहरुको सामाजिक परिचालनलाई थप प्रभावकारी बनाउँदै महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरण एवं लैंगिक समानता अभिवृद्धि गर्नको लागि वडा र नगरस्तरमा जागरण समूहहरु गठन गरिनेछ ।

११३. बालमैत्री स्थानीय शासन अवधारणाको अवलम्बनका साथै कार्यान्वयन गर्दै निजगढ नगरपालिकामा बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने नीति अवलम्वन गरिनेछ । नगर कार्यपालिका कार्यालयमा बालमैत्री पूर्वाधारहरुको निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ। साथै, तोकिएका सम्पूर्ण सूचकहरु पूरा गरी निजगढ नगरपालिकालाई



सुरथ पुरी
नगर प्रमुख

निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा
मधेश प्रदेश, नेपाल

सुरथ पुरी
नगर प्रमुख

यथाशीघ्र बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक हुने पर्याप्त बजेटको व्यवस्थापन गरिनेछ।

११४. नगरपालिकाभित्र निर्माण हुने सार्वजनिक भौतिक संरचनालाई महिलामैत्री, बालमैत्री, अपांगमैत्री एवं ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

११५. ज्येष्ठ नागरिकहरुमा भएको ज्ञान, सीप, अनुभव आदानप्रदानका लागि कार्यक्रम सञ्चालन गरिनेछ । बालगृह, वृद्धाश्रम लगायत अन्यत्र संस्थामा रहेका परिवारमा पुनर्स्थापना गर्न सकिने व्यक्तिहरुलाई क्रमशः पुनर्स्थापना गर्दै यस्ता संस्थाहरुको संख्या घटाउँदै जाने नीति अवलम्बन गरिनेछ ।

११६. नगरक्षेत्र भित्रका अभिभावकविहीन बालबालिकाहरुको अवस्थालाई मध्यनजर गर्दै उनीहरुको लागि वैकल्पिक व्यवस्था मिलाउन पहल गरिनेछ । जोखिममा परेका बालबालिकाहरुलाई तत्कालै उद्दार गरी संरक्षकत्व प्रदान गर्न निजगढ नगरपालिकामा बाल संरक्षण केन्द्रको स्थापना गर्न आवश्यक कार्य अघि बढाइनेछ।

११७. नगरपालिकाको नीति निर्माण तथा योजना छनौट कार्यमा बाल सहभागितालाई सुनिश्चित गरिनेछ।

११८. कार्यक्रम सञ्चालन गर्दा एकल महिला, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुलाई विशेष प्राथमिकता दिइनेछ । अपांगता भएका व्यक्तिहरुको लागि सहायक सामाग्री वितरण तथा अध्यावधिक सीप विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं बालबालिकाहरुसँग सम्बन्धित कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउन वडा र नगरस्तरमा संजाल, समन्वय समिति एवं समूहहरु गठन गरी परिचालन गरिनेछ ।

सुरथ पुरी
नगर प्रमुख

११९. विपद् तथा जोखिममा परेका महिला, बालबालिका, अपांगता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरुको संरक्षणका लागि नगरस्तरीय संरक्षण क्षेत्र अविलम्ब गठन गरी सोको प्रभावकारी परिचालन गरिनेछ ।

१२०. विद्यमान विभेद, कुरितिहरुको न्यूनीकरण गरिनेछ। सोका लागि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरीनेछ।

१२१. न्यायिक समितिबाट सम्पादन हुने कार्यको प्रभावकारिता अभिवृद्धिका लागि मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि, समुदायमा आधारित संस्थाहरुलाई अनुशिक्षण, प्रचारप्रसार र संस्थागत सुदृढिकरणमा जोड दिइनेछ ।

१२२. सरोकारवालाहरुको समेत सहभागितामा बजार व्यबस्थापन र अनुगमनलाई थप प्रभावकारी र नियमित बनाइनेछ । खाद्य वस्तुको गुणस्तर परिक्षण गर्न खाद्य प्रयोगशालाको स्थापनामा जोड दिइनेछ ।साथै, उत्पादित सामाग्रीको गुणस्तर परीक्षण गरी अखाद्य बस्तु उत्पादनमा संलग्न व्यक्ति एवं व्यवसायीहरुलाई कारवाही गरिने नीति लिइनेछ। साथै, निजगढ नगरपालिकाका पसलहरुमा मुल्यसूची राख्ने र बिक्री गरेको सामानको अनिवार्य रुपमा बिजक जारी गर्नु पर्ने प्रावधानलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

१२३. निजगढ नगरपालिकामा संचालित हाटबजारहरुलाई व्यवस्थित गरी संचालनमा ल्याइनेछ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

१२४. नेपाल सरकार तथा प्रदेश सरकारबाट संचालन हुने पूर्वाधार विकास कार्यक्रमका लागि आगामी वर्ष पनि समपुरक कोषको व्यवस्था गरिनेछ ।

सुरथ पुरी
नगर प्रमुख

१२५. पानीको मुहान सुक्दै जाने तथा पानीको सतह घट्दै जाने समस्याले पर्यावरणीय क्षेत्रमा पार्नसक्ने दिगो संकटलाई मध्यनजर गरी पानीको सतह रिचार्ज गर्न अन्य सरोकारवाला निकायहरु सँग समेत समन्वय गरी विभिन्न स्थानमा Water Recharge Pond, चेकड्यामहरु निर्माणमा जोड दिइनेछ ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

१२६. स्वच्छ वातावरण, स्वस्थ जीवनलाई साकार पार्न वायु प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, फोहोर पानी व्यवस्थापन, खुल्ला स्थान र हरियाली व्यवस्थापन र ऊर्जा तथा जलवायु परिवर्तन सम्बन्धी एकिकृत कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१२७. सफा, हरियाली, फूलैफूलको सहर भन्ने नारालाई सार्थक बनाउन शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन कार्यलाई थप प्रभावकारी बनाइनेछ । सडक स्तरोन्नति (पिच, कंक्रिट ढलान) को योजनामा सडकका दायाबाया किनारामा वृक्षारोपण गर्ने कार्यलाई योजनाको लागत अनुमानमा नै समाबेश गरी सम्बन्धित उपभोक्ताहरुलाई सोको संरक्षणमा जिम्मेवार बनाइनेछ । नगरका मुख्य बजार क्षेत्रहरुमा गमला सहितको फुलको बिरुवा रोप्ने अभियान, नर्सरी निर्माण गर्ने अभियानलाई निरन्तरता सहित एक घर दुई फलफुलको विरुवा अभियानलाई वडा तहमा संचालन गर्न आवश्यक विरुवा उपलब्ध गराइनेछ । साथै, भवन निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्दा कम्तीमा २ वटा बहुबर्षीय विरुवा हुर्काएको हुनुपर्ने व्यवस्था अनिवार्य गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१२८. दिगो विकास लक्ष्यको जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरुद्ध लड्न विभिन्न जनचेतना कार्यक्रम गरिनेछ । त्यस्तै, विपद व्यवस्थापनका लागि सामुदायिक खोज तथा उद्धार (CSAR) तथा प्राथमिक उपचार प्रारम्भिक द्रुत लेखाजोखा (IRA), IRA Training Mobile App तथा कृत्रिम घटना अभ्यासमा क्षमता अभिवृद्धि, Warehouse

गठन, प्रमुख प्रकोपहरुको निरन्तर अनुगमन प्रणाली (Real Time Observation System) स्थापना गरिनेछ ।

२८. विभिन्न नदी, खहरे, भूमिगत जल तथा अन्य प्राकृतिक स्रोतको अध्ययन तथा व्यवस्थापन गरिनेछ ।

२९. नगर भित्रको अन्तिम फोहर विसर्जन केन्द्रको उचित व्यवस्थापन गरिनेछ । अन्तिम फोहोर विसर्जन केन्द्रलाई पार्कको रुपमा विकसित गरिनेछ । यस नगरपालिकाको उपयुक्त स्थानमा ल्याण्डफिल साइट निर्माण गरिनेछ ।

**नगरसभाका आदरणीय अध्यक्ष महोदय,**

**नगरसभा सदस्यज्यूहरु,**

३०. निजगढ नगरपालिकाको सम्पूर्ण वस्तुस्थिति झल्किने डिजिटल नगर पार्श्वचित्र (City Profile) निर्माण गर्ने कार्य पूरा गरी यस नगरपालिकाबाट प्रदान गरिने सेवा, कार्यान्वयन गरिने विकास योजनाहरु तथा प्राथमिकता दिनुपर्ने क्षेत्रलाई बोधगम्य, दिगो विकासमैत्री र वस्तुगत बनाइनेछ ।

३१. सामाजिक सुरक्षा र व्यक्तिगत घटना सम्बन्धी कार्यको प्रभावकारिता अभिवृद्धि तथा अभिलेख व्यवस्थापनलाई थप व्यवस्थित गर्न सेवा प्रदायक संस्था मार्फत् घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर र पूर्ण घटनादर्ता सुनिश्चित गर्न Post Registration Camp सञ्चालन गरिनेछ ।

सुरथ पुरी
नगर प्रमुख

निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा
मधेश प्रदेश, नेपाल

सुरथ पुरी
नगर प्रमुख

२३३. यस नगरपालिकाबाट प्रदान गरिने सेवालाई जनमुखी, पारदर्शी र उत्तरदायी बनाई नागरिकको सरकारी सेवाप्रति अपनत्व जगाउन नमूनाको रुपमा आगामी आर्थिक वर्षदेखि एकीकृत घुम्ती सेवा सञ्चालनमा ल्याइनेछ ।

२३४. नगरवासीहरुको नागरिक अधिकारलाई मध्यनजर गरी वेवसाईट तथा मोवाईल एप्सको माध्यमबाट सेवा तथा सूचना लिन सक्ने व्यवस्था मिलाइनेछ ।

२३५. निजगढ नगरपालिकामा विद्युतीय सुशासन अभिवृद्धि गर्दै नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज एवं समयबद्ध बनाई सेवा प्रवाहको गुणस्तरियता एवं प्रभावकारिताका लागि विद्युतीय हस्ताक्षर (डिजिटल सिग्नेचर) सहितको अनलाइन सेवा संचालनमा ल्याइनेछ। सो कार्यका लागि आवश्यक बजेटको व्यवस्थापन समेत गरिनेछ।

२३६. निजगढ नगरपालिकाको संगठन संरचनालाई कार्यबोझ र आवश्यकता बमोजिम पुनरावलोकन गरी सबै तहका कर्मचारीहरुको कार्य विवरण बनाई लागू गरिनेछ । कर्मचारीको कामको मूल्यांकन गरी पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । कर्मचारीको क्षमता विकास, अनुशासन, वृत्ति विकास, सामयिक बढुवामा जोड दिई कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धी, सक्षम र उत्प्रेरित बनाइनेछ ।

२३७. यस नगरपालिकामा कार्यरत राष्ट्रसेवकहरुमा कामप्रति तत्पर हुने, सेवाभाव सहित समयमा काम सम्पन्न गरी उत्कृष्ट नतिजा दिने र जिम्मेवारी वहन गर्ने संस्कृतिको विकास गर्न कार्य सम्पादन खराब भएका कर्मचारी बाहेकका नगर कार्यपालिकाको कार्यालय, निजगढ तथा मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई कार्यबोझ र कार्यप्रकृतिको आधारमा शुरु तलब स्केलको २५ प्रतिशतले हुन आउने थप रकम सुविधा बापत उपलब्ध गराउने कार्यलाई आगामी आ.ब. मा समेत निरन्तरता दिइनेछ । यसरी

सुरथ पुरी
नगर प्रमुख

निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालय निजगढ, बारा मधेश प्रदेश, नेपाल

सुरथ पुरी
नगर प्रमुख

प्रोत्साहन सुविधा उपलब्ध गराउँदा अन्य स्थानीय तहहरुले उपलब्ध गराएको प्रोत्साहन सुविधा मापदण्ड समेतलाई आधारको रुपमा लिइनेछ ।

१३८. निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुमा स्थानीय सेवा अन्तर्गत् स्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरुलाई अवकास पश्चात् तथा सेवामा रहँदा आर्थिक सहायता प्रदान गरी कर्मचारीहरुको विभिन्न समस्याहरुको समाधान गर्दै कर्मचारीरुलाई उच्च मनोबलका साथ कार्य गर्ने वातावरण सिर्जना गर्न कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ।

१३९. कार्यालयमा गुणस्तरीय कार्य वातावरणको निर्माण गरी कर्मचारीहरुमा उत्प्रेरणा तथा मनोबल अभिवृद्धि गरिनुका साथै कर्मचारीहरुको क्षमता तथा सीप विकासका लागि पर्याप्त बजेटको व्यवस्थापन गरी विभिन्न तालीम, प्रशिक्षण तथा अवलोकन भ्रमण कार्यक्रमहरु संचालन गरिनेछ।

१४०. स्मार्ट सिटी, स्मार्ट कार्यालय अवधारणा अन्तर्गत् नगर कार्यपालिकाको कार्यालय तथा मातहतका कार्यालयलाई यथासंभव प्रविधिमैत्री, सेवाग्राहीमैत्री तथा लैंगिकमैत्री बनाउँदै लगिनेछ। कार्यालयहरुमा स्मार्ट व्यवस्थापन तथा अललाइन सेवाहरु संचालनमा ल्याई जवाफदेहिता तथा सुशासनको प्रबर्द्धन गरिनेछ।

१४१. नेपालको संविधानले प्रत्याभूत गरेको सूचनाको हकलाई संरक्षण गर्दै पारदर्शी कार्यप्रणाली तथा कार्य संस्कृतिको अवलम्बन गरिनेछ । कार्यालय संचालनमा यथासंभव मितव्ययिता अपनाई आर्थिक अनुशासन कायम गरिनेछ। साथै, निजगढ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा मातहतका वडा कार्यालयहरुद्वारा संचालन गरिने औपचारिक कार्यक्रममा खादाको प्रयोग नगरिने नीति लिइएको छ।

१४२. नगरपालिकाका सबै वडाहरुमा अनलाइन बेस्ड विद्युतीय हाजिरी प्रणाली जडान गर्नुका साथै डिजिटल नागरिक वडापत्रको व्यवस्था गरिनेछ।

सुरथ पुरी
नगर प्रमुख

१४३. जनतालाई घरदैलोमा नै सेवा दिन घुम्ती सेवा संचालन गर्नुका साथै सार्वजनिक सुनवाइ कार्यक्रमहरु संचालन गरी जनताहरुको गुनासो सुन्ने र सोको सम्बोधन गर्ने कार्य अघि बढाइनेछ।

१४४. आगामी आर्थिक बर्षमा निजगढ नगरपालिकामा जि.आई.एस (GIS) मा आधारित मेट्रिक ठेगाना प्रणाली लागू गरी कार्यान्वयन गर्ने कार्यलाई सम्पन्न गरिनेछ। सोको लागि आवश्यक बजेटको व्यवस्थापन समेत गरिनेछ।

१४५. निजगढ नगरपालिकाको घरनक्सा प्रणालीलाई सरलीकृत गर्दै विना झंझट समयमा नै सेवाग्राहीले पारदर्शीरुपमा घर नक्सा सम्बन्धी सेवाहरु प्राप्त गर्न आगामी आ.ब. देखि यस नगरपालिकामा विद्युतीय घर नक्सा प्रणाली (Electronic Building Permit System) लाई कार्यान्वयन गरी सो प्रणाली मार्फत् मात्र नक्सा स्वीकृति सम्बन्धी कार्यहरु गरिनेछ।

१४६. निजगढ नगरपालिकाको वडाहरुमा निर्माण भईरहेका वहुप्रतिष्ठित सडक निर्माणको योजनालाई निरन्तरता दिईनेछ ।

१४७. पूर्व पश्चिम राजमार्ग अन्तर्गत् बकैया देखि भमरा सडक खण्डमा CCTV सहितको Smart Display Board जडान गरिनेछ ।

१४८. निजगढ नगरपालिका सामुदायिक विद्यालयका SEE मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान तथा पुरस्कृत गरिनेछ ।

१४९. निजगढ नगरपालिका क्षेत्रभित्रका सामूदायिक वनहरु मध्ये एक उत्कृष्ट सामूदायिक वनलाई पुरस्कृत गरिनेछ ।

निजगढ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
निजगढ, बारा
मधेश प्रदेश, नेपाल
सूर्य पुरी
नगर प्रमुख

१५०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसँगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

१५१. निजगढ नगरपालिकामा साहसिक खेल, पैदल यात्रा, साइक्लिङ, जिपलाईन, इको टुरिज्म, होम स्टे तथा स्तरीय होटल, रिसोर्ट तथा रिक्रिएशन सेन्टरहरुको प्रबर्द्धन तथा स्थापनामा जोड दिंदै निजगढ नगरपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुको संचालन गरिनेछ। आगामी आ.ब. भित्र निजगढ नगरपालिकामा निजी क्षेत्रको सहभागितामा फुड फेस्टिभल तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ।

१५२. निजगढ नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ। निजगढ प्राथमिक स्वास्थ्य केन्द्रलाई थप साधन सम्पन्न गरी क्षमता विस्तार गरिनेछ । निजगढ नगरपालिकामा भेन्टिलेटर सहितको आईसियू स्थापना कार्यलाई अघि बढाइनेछ।

**नगरसभाका आदरणीय अध्यक्ष महोदय,**

१५३. आगामी आर्थिक वर्षभित्र कानून बमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५४. गत विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरु... अद्यावधिक जानकारी तथा अभिलेखीकरण गरी पेश्की ... तीव्रता दिइनेछ ।

१५५. अब म यस गरिमामय नगर सभा सम... कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०... आधारहरु र बार्षिक योजना तथा बजेट...

१५०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, स्थानीय तह तथा संघसंस्थाहरुसंग मैत्री सम्बन्ध विस्तार गर्ने कार्यलाई निरन्तरता दिई सम्बन्ध स्थापित भैसकेका संघसंस्थाहरुसँगको सहकार्यलाई थप मजबुत बनाइनेछ ।

१५१. निजगढ नगरपालिकामा साहसिक खेल, पैदल यात्रा, साइक्लिङ, जिपलाईन, इको टुरिज्म, होम स्टे तथा स्तरीय होटल, रिसोर्ट तथा रिक्रिएशन सेन्टरहरुको प्रबर्द्धन तथा स्थापनामा जोड दिंदै निजगढ नगरपालिकालाई उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न विभिन्न कार्यक्रमहरुको संचालन गरिनेछ। आगामी आ.ब. भित्र निजगढ नगरपालिकामा निजी क्षेत्रको सहभागितामा फुड फेस्टिभल तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरिनेछ।

१५२. निजगढ नगरपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको नियमित अनुगमन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ। निजगढ प्राथमिक स्वास्थ्य केन्द्रलाई थप साधन सम्पन्न गरी क्षमता विस्तार गरिनेछ । निजगढ नगरपालिकामा भेन्टिलेटर सहितको आईसियू स्थापना कार्यलाई अघि बढाइनेछ।

**नगरसभाका आदरणीय अध्यक्ष महोदय,**

१५३. आगामी आर्थिक वर्षभित्र कानून बमोजिम स्थापना भएका विभिन्न कोषहरुको सञ्चालन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१५४. गत विगत वर्षहरुदेखि जिम्मेवारी सर्दै आएका पेश्की बेरुजु लगायत अन्य बेरुजुहरुको अद्यावधिक जानकारी तथा अभिलेखीकरण गरी पेश्की तथा बेरुजु फछ्र्यौट कार्यलाई तीव्रता दिइनेछ ।

१५५. अब म यस गरिमामय नगर सभा समक्ष माथि उल्लेखित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आगामी आर्थिक वर्ष २०७९/८०को बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु र बार्षिक योजना तथा बजेटका प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

सुरथ पुरी
नगर प्रमुख

१५६. बार्षिक योजना तथा बजेट तर्जुमाका आधारहरु निम्नानुसार रहेका छन् :-

(क) नेपालको संविधान

(ख) स्थानीय सरकार संचालन ऐन, २०७४

(ग) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त ऐन, २०७४

(घ) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

(ङ) संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

(च) संघीय र प्रदेश सरकारले तर्जुमा गरेका बजेट तथा कार्यक्रमहरु

(छ) स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वियन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका

(ज) संघीय प्रादेशिक र स्थानीय तहको आबधिक विकास योजनाहरु र श्रोत साधन

(झ) नेपाल सरकारले प्रतिबद्धता जनाएका दिगो विकासका लक्ष्यहरु

(ञ) संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक तथा सामाजिक नीतिहरु ।

१५७. योजना,कार्यक्रम तथा बजेट तयार गर्दा निम्न बिषयहरुलाई मुख्य प्राथमिकतामा राखिएको छ ।

(क) संघीय सरकार, प्रदेश सरकारको अनुदान र स्थानीय तहको आन्तरिक आम्दानीलाई मध्यनजर गरी यथार्थपरक नीति, कार्यक्रम र बजेट बनाइएको,

(ख) बालमैत्री, जेष्ठ नागरिक, एकल महिला, अपाङ्ग लगायतका समाजमा पछि पारिएका लिङ्ग, क्षेत्र, भाषा भाषिहरुका साथै समाजका विभिन्न वर्ग, तह र तप्कालाई समेटी नीति तथा कार्यक्रम तयार गरिएको,

(ग) स्थानीय तहमा ठूलो मात्रामा बजेटको आकार मात्र बढाउँदा आयोजनाहरु कार्यान्यिवन हुन नसक्ने, भएका आयोजनाहरुको भुक्तानी दिन नसकिने र घाटा बजेटलाई पुर्ति गर्ने श्रोत समेत पर्याप्त नभएकोले यथार्थ आम्दानीमा रहेर नीति, कार्यक्रम तथा बजेट सीमा निर्धारण गरिएको,

सुरथ पुरी
नगर प्रमुख

सुरथ पुरी
नगर प्रमुख

(घ) विभिन्न पूर्वाधार विकासका आयोजनाहरु निर्माण गर्दा उपभोक्ता मार्फत् गरिने २० प्रतिशत नगद लागत सहभागिता लिंदा उपभोक्ताहरुलाई पर्न गएको असहजतालाई मध्यनजर गर्दै सोबाट लक्षित लाभग्राही उपभोक्ताहरुको विकास निर्माण तथा योजनाहरुमा सहभागिता नहुने देखिएकोले २० प्रतिशत नगद सहभागिता नलिई जनश्रमदान लिने नीति लिइएको।

(ङ) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने,

(च) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(छ) जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

(ज) स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(झ) स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

(ञ) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(ट) लैंगिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ठ) दीगो विकास, बातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने,

(ड) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सदभाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्याउने,

(ढ) स्थानीय तहले आवश्यक देखेका अन्य बिषयहरु

**नगरसभाका आदरणीय अध्यक्ष महोदय,**

१५८. आगामी आर्थिक वर्षको लागि क्षेत्रगत बजेट विनियोजन निम्नानुसार प्रस्तुत गरिएको छ ।

सुरथ पुरी
नगर प्रमुख

**पूर्वाधार विकास तर्फः**

पूर्वाधार विकास तर्फ रु.३९ करोड २६ लाख ७ हजार विनियोजन गरिएको छ।

**आर्थिक विकास तर्फः**

१५९. आर्थिक विकास तर्फ रु ७ करोड ३५ लाख ४० हजार विनियोजन गरिएको छ।

**सामाजिक विकास तर्फः**

१६०. सामाजिक विकास तर्फ रु. ३० करोड ८६ लाख ५६ हजार विनियोजन गरिएको छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फः**

१६१. संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ रु. ९५ लाख पाँच हजार विनियोजन गरिएको छ ।

**कार्यालय संचालन तथा प्रशासनिक तर्फः**

१६२. कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ रु. १६ करोड ६० लाख विनियोजन गरिएको छ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

१६३. अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१६४. यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०७९/०८० का लागि नीति, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न कुल जम्मा रु. ९५ करोड ३ लाख ८ हजार विनियोजन गरिएको छ ।

१६५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक स्रोतबाट रु.११ करोड ८७ लाख प्रदेश राजस्व बाँडफाँडबाट ३२ करोड, प्रदेश सरकारको वित्तीय समानीकरणबाट ९० लाख, सङ्घीय सशर्त अनुदान २४ करोड ७२ लाख, संघीय वित्तीय समानीकरण १३ करोड ६६ लाख र संघीय राजस्व बाँडफाँडबाट रु. ११ करोड ८८ लाख ८० हजार व्यहोरिनेछ।

१६६. यस नगरपालिकालाई नगर सभा पश्चात् सङ्घीय तथा प्रदेश सरकारबाट अख्तियारी प्राप्त हुने सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण कार्यक्रम, प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम लगायतका अन्य कार्यक्रमहरुको एकल खाता कोष प्रणाली मार्फत भुक्तानी हुने भएकाले आगामी आर्थिक वर्षमा ती कार्यक्रमहरुको स्रोत समावेश नगरिएको व्यहोरा अवगत गराउँदछौ।

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

**नगर सभाका सदस्यज्यूहरु,**

१६७. यस नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को विनियोजन सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९ तथा अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७९ यस सम्मानित सभामा पेश गरेको छु।

सुरथ पुरी
नगर प्रमुख

सुरथ पुरी
नगर प्रमुख

१६८. हामीले प्रस्तुत गरेको नीति तथा कार्यक्रम र बजेटबाट नगरवासीका आधारभूत आवश्यक्ताहरु परिपूर्ति गरी जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समूहहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत् स्थानीय लोकतन्त्र सबलीकरण हुने विश्वास लिएका छौं ।

१६९. प्रस्तुत नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा मार्ग निर्देशन गर्नुहुने यस नगरपालिकाका आदरणीय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजक तथा सदस्यहरु, वडा अध्यक्षहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजिवी, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई निजगढ नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौं

धन्यवाद ।

सुरथ पुरी
नगर प्रमुख